**मुक्तिनाथ दर्शन सेवा**

दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे

**पोखरा साइडसिन सेवा**

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे

रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा

रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क १४६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ जेठ २५ गते आइतबार ❑ 8 June 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–


## गण्डकी प्रदेशसभामा नीति तथा कार्यक्रममाथि छलफल

**पोखरापत्र संवाददाता**
पोखरा, २४ जेठ

गण्डकी प्रदेश सरकारको आगामी आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रममाथि प्रदेशसभामा छलफल जारी छ। यही जेठ २१ गते प्रदेशसभामा प्रस्तुत भएको नीति तथा कार्यक्रमबारे प्रदेशसभा सदस्यहरूले विभिन्न सुझाव तथा धारणा राख्नुभएको छ।

शनिबार बसेको प्रदेशसभा बैठकमा प्रदेशसभा सदस्य चम्पादेवी खड्काले नीति तथा कार्यक्रमले समुन्नत र आत्मनिर्भर प्रदेशको लक्ष्यलाई आत्मसात् गरेको बताउनुभयो। "यो नीति तथा कार्यक्रमले प्रदेश सरकारलाई आफ्नो गन्तव्यमा पुग्न सहयोग पुग्नेछ, नीतिगत र संरचनागत सुधारका महत्वपूर्ण विषयलाई यसले समेटेको छ", उहाँले भन्नुभयो।

प्रदेशसभा सदस्य सीताकुमारी सुन्दासले प्रदेशको समग्र विकासको अवधारणालाई नीति तथा कार्यक्रमले सम्बोधन गरेको बताउनुभयो। उहाँले करको दायरा फराकिलो पार्दै राजस्व सङ्कलनलाई वृद्धि गर्ने लक्ष्य लिइएको उल्लेख गर्नुभयो।

प्रदेशसभा सदस्य सुशीला सिम्खडाले नीति तथा कार्यक्रममा ठोस र मूर्त विषय आउन नसकेको धारणा राख्नुभयो। "महिलालगायत सीमान्तकृत वर्ग र समुदायको उत्थानका लागि स्पष्ट कार्यक्रम छैन", उहाँले भन्नुभयो, "घोषणा गरिएका कार्यक्रम कार्यान्वयन हुने ठोस आधार पनि देखिँदैन, स्वास्थ्यलगायतका क्षेत्रमा मानव संसाधनको विषयलाई नीति तथा कार्यक्रमले समेट्न सकेको छैन।" प्रदेशसभा सदस्य महेश भट्टराईले प्रदेशको दोस्रो पञ्चवर्षीय योजनाले निर्दिष्ट गरेका लक्ष्य हासिल गर्नेगरी नीति तथा कार्यक्रम आएको बताउनुभयो। उहाँले आत्मनिर्भर र समुन्नत गण्डकी प्रदेशको आधार तयार हुँदै गएको उल्लेख गर्नुभयो।

प्रदेशसभा सदस्य रेशमबहादुर जुग्जालीले लगानीका क्षेत्र स्पष्ट किटान गर्नुपर्ने बताउनुभयो। महत्वकाङ्क्षी नभई कार्यान्वयनयोग्य कार्यक्रम मात्र बजेटमा ल्याउनुपर्ने उहाँको भनाइ थियो। प्रदेशसभा सदस्य डिल्लीराम सुवेदीले मन्त्रालयहरूले बजेट विनियोजनमा कुशलता देखाउनुपर्ने बताउनुभयो। "नीति तथा कार्यक्रममा आएका विषयलाई बजेटले कसरी सम्बोधन गर्छ त्यो महत्वपूर्ण हुन्छ", उहाँले भन्नुभयो, "यसमा आएका सोच र दृष्टिकोणलाई कार्यान्वयन गर्न स्रोतको सुनिश्चितता हुनु जरूरी छ।" शनिबारको प्रदेशसभा बैठकमा प्रदेशसभा सदस्य लक्ष्मणबहादुर पाण्डे, राजकुमारी भुजेललगायतले नीति तथा कार्यक्रममाथिको छलफलमा भाग लिनुभएको थियो।

## प्रदेश प्रमुख भट्टद्वारा बकर इदको शुभकामना

**पोखरापत्र संवाददाता**
पोखरा, २४ जेठ

गण्डकी प्रदेशका प्रमुख डिल्लीराज भट्टले इस्लाम धर्मावलम्बीहरूको पवित्र पर्व ईद-उल-अज्हा (बकर इद)-२०८२ को अवसरमा शुभकामना व्यक्त गर्नुभएको छ।

शनिबार एक शुभकामना सन्देश जारी गर्दै प्रदेश प्रमुख भट्टले मुस्लिम समुदायमा ईद-उल-फित्रपछिको दोस्रो ठूलो पर्वको रूपमा बकर इद आपसी रिस, राग र द्वेषलाई बिर्सेर एकआपसमा खुसी, सद्भाव तथा शुभकामना आदानप्रदान गरी मनाउने पर्व भएको उल्लेख गर्नुभएको छ।

'यस पर्वले मेलमिलाप, एकता र सहकार्यको वातावरण निर्माणमा सहयोग पुग्नेछ। साथै, सामाजिक संस्कृति, परम्परा, रीतिरिवाज, जातजाति र भेषभूषाको विविधता रहेको हाम्रो मुलुकमा यो पर्वले धार्मिक सहिष्णुता, सामाजिक सद्भावको वातावरणलाई अझ मजबुत बनाउन सहयोग पुग्नेछ भन्ने मैले विश्वास लिएको छु।' उहाँले भन्नुभएको छ। 'विविधतामा एकता' हाम्रो मौलिक राष्ट्रिय पहिचान हो भन्दै भट्टले हाम्रो सामाजिक विविधताभित्र सुदृढ र प्रगाढ एकताले नेपालको राष्ट्रिय भावनालाई थप मजबूत बनाउन यो पर्वले योगदान पुग्ने विश्वास व्यक्त गर्नुभएको छ।

'यस पर्वले सबै नेपालीहरूबीच राष्ट्रिय एकता, सहिष्णुता र सद्भाव कायम गरी समृद्ध र समुन्नत समाज निर्माण गर्न प्रेरणा प्रदान गरोस् भन्ने शुभकामना व्यक्त गर्दछु।' शुभकामना सन्देशमा उल्लेख छ।

## सशस्त्र प्रहरीद्वारा विपद् स्वयंसेवक तालिम सञ्चालन

**पोखरापत्र संवाददाता**
पोखरा, २४ जेठ

कास्कीस्थित सशस्त्र प्रहरी बल, नेपालको नं २४ गणले 'समुदाय विपद् स्वयंसेवक तालिम' सञ्चालन गरेको छ।

पोखरा महानगरपालिकासँगको समन्वयमा भइरहेको तालिम आगामी असार १० गतेसम्म सञ्चालन हुनेछ। गणका गणपति एवं सशत्र प्रहरी उपरीक्षक सूर्यप्रसाद तिमिल्सेनाले महानगरभित्रका सबै वडाको प्रतिनिधित्व हुने गरी ५० जना प्रशिक्षार्थीलाई विपद् वयवस्थापन तथा पूर्वतयारीसम्बन्धी तालिम प्रदान गरिने जानकारी दिनुभयो। उहाँका अनुसार यही जेठ २१ गतेदेखि सुरू भएको तालिममा प्रशिक्षार्थीलाई नेपालमा विपद् व्यवस्थापन प्रणाली, बाढीपहिरो तथा डुवान, अग्नी नियन्त्रण, वन डढेलोलगायत विपद्मा डोरीद्वारा गरिने उद्धार, भुकम्पीय जोखिम न्यूनीकरण, सडक दुर्घटना र जोखिम न्यूनीकरण, उद्धार सामग्रीको प्रयोगलगायत विषयमा तालिम दिइने छ। पानीमा हुने उद्धार अभ्यास पनि सञ्चालन गरिने गणपति तिमिल्सेनाले बताउनुभयो।

"विपद्को समयमा स्थानीयस्तरमा उपलब्ध सामग्रीको तत्काल अधिकतम प्रयोग गरी विपद् प्रतिकार्यमा जुट्न सैद्धान्तिक र प्रयोगात्मक सीप सिकाउने उद्देश्यले यो तालिम सञ्चालन गरिएको हो", उहाँले भन्नुभयो।

## अदालतबाट न्याय पाउने विश्वास छः अध्यक्ष नेपाल

**रासस**
काठमाडौं, २४ जेठ

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले आफूलाई समेत मुछेर दायर गरिएको मुद्दामा न्याय पाउने विश्वास व्यक्त गर्नुभएको छ।

मधेश प्रदेश सम्पर्क कमिटीको प्रथम अधिवेशनको शनिबार यहाँ उद्घाटन गर्दै उहाँले आफूविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट दायर मुद्दामा असन्तुष्टि प्रकट गर्नुभयो।

अध्यक्ष नेपालले मन्त्रिपरिषद्लाई रहेको नीतिगत निर्णयको अधिकारअनुसार अधिकतम जनताको हितमा स्वास्थ्य सेवा सञ्चालनका लागि पतञ्जलिलाई जग्गा उपलब्ध गराइएको जिकिर गर्नुभयो। यस विषयमा कानुनी उपचारमा जान कानुनविद्सँग परामर्श भइरहेको र अदालतबाट आउने फैसलालाई आफूले सम्मान गर्ने बताउनुभयो।

देशभर साङ्गठनिक सुदृढीकरण गर्न जोड दिँदै पूर्वप्रधानमन्त्री नेपालले जनताको सेवालाई केन्द्रमा राखेर कार्य गर्न नेता तथा कार्यकर्तालाई निर्देशन दिनुभयो।

## सेकुङ र भुतछ्रो तालमा दश हजार माछाका भुरा छाडियो



**रासस**
मस्ताङ, २४ जेठ

मुस्ताङको थासाङ गाउँपालिका-२ स्थित सेकुङ ताल र भुतर्छो तालमा १० हजार माछाका भुरा छाडिएका छन्।

मुस्ताङका पूर्वसङ्घीय सांसद प्रेमप्रसाद तुलाचनको


बाँकी अन्तिम पृष्ठमा ▶▶



**नसर्ने रोगबाट बच्ने उपाय ।**

- धूमपान र मद्यपान नगरौं,
- दैनिक शारीरिक व्यायाम गरौं.
- मानसिक तनावबाट मुक्त रहौं.
- अस्वस्थकर खानपान र जीवनशैली नअपनाऔं,
- स्वस्थकर र सन्तुलित भोजन गरौं,
- नियमित स्वास्थ्य जाँच गरौं

समयमै नसर्ने रोगको जाँच गराऔं,
स्वस्थ र दीर्घ जीवन बाँचौं।

नेपाल सरकार
विज्ञापन बोर्ड





ICHHASHAKTI AUTOMOBILES PVT. LTD. 9825165089, 061-572315

# १ सय ७७ तमु विद्यार्थीहरुलाई छात्रवृत्ति वितरण

**पोखरापत्र संवाददाता**
पोखरा, २४ जेठ

तमु साँस्कृतिक प्रतिष्ठान नेपालको सहयोगमा १ सय ७७ तमु विद्यार्थीहरुलाई छात्रवृत्ति वितरण गरिएको छ।

शनिवार पोखरामा एक कार्यक्रमको आयोजना गरि २२ जिल्लाका बिद्यार्थीहरुलाई उक्त छात्रवृत्ति वितरण गरिएको हो।

सहयोगले बिभिन्न जिल्लाका हाल कक्षा ९ मा पढने ९ जना विद्यार्थीहरुलाई कक्षा १२ सम्म अध्ययन गर्नको लागि छात्रवृत्ति प्रदान गरेको प्रतिष्ठानले जनाएको छ। कार्यक्रममा प्रमुख अतिथि चिल्ड्रेन ऐकेडेमिका संस्थापक प्रिन्सिपल हिमाल गुरुङले प्रतिष्ठानको सहयोगले तमु समुदायका विद्यार्थीहरुलाई शैक्षिक क्षेत्रमा महत्वपूर्ण योगदान पुग्ने बताए। तमु साँस्कृतिक



प्रतिष्ठानका अध्यक्ष चित्र बहादुर तमुले विद्यार्थीहरुलाई सुझाव दिदै शिक्षाको साथमा क्षमता अभिबृत्ति सगैँ अहिलेको परिवेशमा सिपयुक्त शिक्षा लिन आग्रह गरे। उनले सहयोग रकम ठुलो नभएको बताउदै बिद्यार्थीहरु प्रतिष्ठान सगँ जोडिनु महत्वपूर्ण बिषय भएको उल्लेख गरे। कार्यक्रममा संस्थाका सल्लाहकार एवम अधिवक्ता कर्णवहादुर तमुले संस्था स्थापना सगैँ तमु समुदायको हक हितमा काम गरिरहेको बताए। छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीहरुलाई उक्त छात्रवृत्तिको सहि सदुपयोग गर्न उनको आग्रह थियो। छात्रवृत्ति प्राप्त विद्यार्थीहरुको तर्फबाट बोल्दै वनस्थली मावि लम्जुङको कक्षा १० मा अध्ययनरत संगिता गुरुङले प्रतिष्ठानको सहयोगले राहत मिलेको बताउदै उर्जाका साथ अध्ययनलाई अघि वढाउने बताइन्। कार्यक्रममा संस्थाका प्रथम उपाध्क्षय,एवम छनोट उपसमिति संयोजक श्रीजङ तमु,संस्थापक अध्क्षय खेम तमु, जिफानका पूर्व अध्क्षय भोजबहादुर तमु, संस्थापक टेक बहादुर तमु, तमु चलचित्रका निर्माता गमबहादुर तमु, संस्थाका सचिव कञ्चन गुरुङ लगाएतको सहभागिता रहेको थियो। २०५८ सालमा स्थापना भएको प्रतिष्ठानले २०६६ सालदेखि छात्रवृत्ति वितरण गर्दै आएकोमा हाल सम्म ६ सय ४५ जनालाई छात्रवृत्ति वितरण गरिसकेको छ।

# श्रवणकुमार जेष्ठ नागरिक दिवा सेवा केन्द्रको उद्घाटन

**पोखरापत्र संवाददाता**
पोखरा, २४ जेठ

गण्डकी प्रदेशका सामाजिक विकास, युवा तथा खेलकुदमन्त्री विन्दुकुमार थापाले प्रदेश सरकारको औचित्य झनै बढ्दै गएको बताउनुभएको छ।

प्रदेश सरकारको औचित्य माथि प्रश्न उठिरहेको बेला मन्त्री थापाले विकास निर्माण र जनताका प्रतक्ष्य सरोकारका विषयलाई सम्बोधन गर्न पनि प्रदेश सरकारले महत्वपूर्ण कार्य गरेको दावी गर्दै, यसको औचित्य झनै बढेको बताउनुभयो। प्रदेश खारेजीको माग गर्नेलाई आफुहरुले कामबाटै जवाफ दिएको र सो माग औचित्यहिन रहेको तर्क गर्नुभयो।

पोखराको बाटुलेचौर स्थित बडहरवोटम निर्माण भएको श्रवणकुमार जेष्ठ नागरिक दिवा सेवा केन्द्रको भवन उद्घाटन गर्दै उहाँले जेष्ठ नागरिकको सम्मानले मात्रै समाज सम्मानित हुने स्पष्ट पार्नुभयो। मन्त्री थापाले पोखरा १६ का बासिन्दाले भोग्नु परेका ढल निकास र सडकको समस्यालाई समाधान गर्न आगामी




बजेटमा यथोचित सम्बोधन गरिने बताउनुभयो। ढल नालाको समस्यालाई बहुवर्षीय योजनामा समेटेर लैजाने प्रतिबद्धता व्यक्त गर्दै, मन्त्री थापाले त्यसका लागि स्थानीय सरकारको समवन्य आवश्यक रहेको तर्क गर्नुभयो। वडाध्यक्ष अमृत शर्मा तिमिल्सिनाले विकासमा राजनिति नहुने बताउँदै, सबैको सहयोगमा वडालाई समृद्ध वडा बनाउने प्रतिवद्धता जनाउनु भयो।

केन्द्रका अध्यक्ष दानबहादुर बानियाँको अध्यक्षतामा भएको कार्यक्रममा जेष्ठ नागरिक महासंघका सचिव कुशुम केशव पराजुली, ईन्जिनियर हरि बस्नेत, समाजसेवी चित्र थापा, कोषाध्यक्ष पोषण थापा लगायतले भवन निर्माणका विषयमा बोलेका थिए।९ वर्ष अघि शिलन्यास गरिएको सो भवन हालसम्म २ तला निर्माण भई संचालनमा आउन लागेको र हालसम्म २ करोड १९ लाख खर्च भएको कोषाध्यक्ष थापाले जानकारी दिनुभयो। केन्द्रका उपाध्यक्ष जगन्नाथ तिमल्सिनाले स्वागत गर्नुभएको कार्यक्रमको सन्चालन सचिव दिनेशकुमार श्रेष्ठले गर्नुभएको थियो। सो भवनको कुल लागत चार करोड रहेको बताईएको छ।

# सातौं राष्ट्रिय आर्चरीमा गण्डकीको बर्चस्व कायम

**पोखरापत्र संवाददाता**
पोखरा, २४ जेठ

सातौं राष्ट्रिय इन्डोर आर्चरी च्याम्पियनसिप २०८२ मा गण्डकी प्रदेशले बर्चश्व कायम गरेको छ। शुक्रबार र शनिवार पोखरा रंगशालाको कभर्ड हलमा सम्पन्न सातौं राष्ट्रिय इन्डोर आर्चरी च्याम्पियनसिप २०८२ मा गण्डकी प्रदेशले बर्चश्व कायम गरेको हो।

प्रतियोगितामा कम्पाउण्ड मेन पुरुष तर्फ स्वर्ण, कम्पाउण्ड महिला तर्फ गण्डकी स्वर्ण, स्ट्याण्डर्ड महिला सिंगलमा गोल्ड, स्ट्याण्डर्ड पुरुष सिंगल तर्फ सिल्भर, स्ट्याण्डर्ड मिक्स तर्फ गोल्ड, स्ट्याण्डर्ड पुरुषतर्फ गोल्ड, रिकर्भ मिक्स टिममा ब्रन्च र रिकर्भ पुरुषतर्फ गण्डकीले ब्रन्च मेडल प्राप्त गर्न सफल भयो।

प्रतियोगितामा कम्पाउण्ड मेन एकलतर्फ एपिएफका मीन गौचनले कुल १४० स्कोर ल्याउँदै स्वर्ण जिते। १२९ स्कोरका साथ गण्डकीका सुमन गुरुङले रजत जिते। आर्मीका पवन राईले कास्य पदक हासिल गरे। महिला एकल तर्फ गण्डकीकी मोनिका राना मगरले १३७ स्कोरका साथ स्वर्ण जित्दा उनकी प्रतिस्पर्धी एपिएफकी पार्षदा आचार्यलाई १३६ स्कोरका साथ रजत जितिन्। एपिएफकै निर्मला काङबाङले कास्य हासिल




गरिन्। स्ट्याण्डर्ड महिला एकल तर्फ गण्डकी प्रदेश टीम 'ए' की रिना गुरुङले गण्डकी 'ए' कै स्नेहा केसीलाई ६-० को सेटमा हराउँदै स्वर्ण जितिन्। यस्तै निता केसीले कास्य हासिल गरिन्।

पुरुष तर्फ नेपाल पुलिसका निकेश देशारले गण्डकीका मोहन घर्तीलाई ६-२ को सेटमा हराउँदै स्वर्ण जिते। आर्मीका बसन्तराज काफ्लेले कास्य पदक हासिल गरे। स्ट्याण्डर्ड मिक्सतर्फ गण्डकी 'ए' ले त्रिभुवन आर्मीलाई ५-१ को सेटमा पराजित गर्दै स्वर्ण पदक जित्यो। नेपाल पुलिसले कास्य पदक हासिल गऱ्यो। स्ट्याण्डर्ड पुरुषतर्फ गण्डकी ए ले नेपाल पुलिसलाई ५-३ ले हराउँदै स्वर्ण हासिल गर्दा गण्डकी रजतमा सिमित भयो। एपीएफले कास्य पदक जित्यो। रिकर्भ महिला एकल तर्फ नेपाल पुलिसकी आइसा तामाङले त्रिभुवन आर्मी क्लबकी मित्र राईलाई ६-४ ले हराउँदै स्वर्ण जितिन्। आर्मीकी मन्जु बजगाईले कास्य जितिन्। रिकर्भ पुरुष एकल तर्फ नेपाल पुलिस क्लवका तिलक पुनले स्वर्ण जिते। उनले त्रिभुवन आर्मीको रोशन नगरकोटीलाई ६-२ सेटमा हराएका हुन्। नेपाल पुलिसका पवन सिरीषले कास्य पदक जिते। रिकर्भ मिक्स टीमतर्फ नेपाल पुलिसको तिलक पुन र आइसा तामाङको जोडीले त्रिभुवन आर्मीको रोशन नगरकोटी र मित्र राइको जोडीलाई ५-१ सेटमा हराएर स्वर्ण पदक जिते। गण्डकी 'ए' कास्यमा चित्त बुझायो। रिकर्भ पुरुष टीम तर्फ त्रिभुवन आर्मीले गण्डकी 'ए' लाई ६-२ को सेटमा हराउदै स्वर्ण जित्दा गण्डकी रजतमै चित्त बुझायो। गण्ड की 'बी' ले कास्य पदक हासिल गऱ्यो। कार्यक्रममा प्रदेश खेलकुद परिषद गण्डकीका उपाध्यक्ष ध्वज कुमार गुरुङ, नेपाल आर्चरी संघका पूर्व केन्द्रीय अध्यक्ष एवं कास्की जिल्ला आर्चरी संघको संस्थापक अध्यक्ष हरिध्वज तुलाचन, खेलकुद पत्रकार मञ्चका अध्यक्ष एमबी आस्था मगर, अन्नपूर्ण आर्चरी क्लबका पूर्व अध्यक्ष एवं समाजसेवी मिन बहादुर शेरचन, गण्डकी प्रदेश आर्चरी संघका अध्यक्ष किशोर कुमार गुरुङ, गण्डकी प्रदेश आर्चरी संघका वरिष्ठ उपाध्यक्ष योगेन्द्र शेरचन, कास्की जिल्ला आर्चरी संघका अध्यक्ष बसन्त गौचन लगाएतले पुरस्कार बितरण गरेका थिए। सो अवसरमा वोल्दै प्रदेश खेलकुद परिषद गण्डकीका उपाध्यक्ष ध्वज कुमार गुरुङले आर्चरी संघको आयोजनामा पोखरामा पहिलो पटक इन्डोर रुपमा खेल सञ्चालन हुनु पोखराको लागि महत्वपूर्ण रहेको बताए। पोखरामा पहिलो पटक इन्डोर आर्चरी प्रतियोगिता सम्पन्न भइसकेकाले पोखरामा इन्डोर रुपमा समेत राष्ट्रिय स्तरको खेल सञ्चालन गर्न सकिन्छ भन्ने उदाहरणीय काम भएको बताउदै प्रदेश खेलकुद परिषद प्रदेशमा हुने खेलकुद गतिविधीलाई चलायमान गराउन लागिपर्ने बताए।

प्रतियोगितामा राष्ट्रिय खेलकुद परिषद र प्रदेश खेलकुद परिषद गण्डकीको सहयोग र नेपाल आर्चरी संघको प्राविधिक सहयोग रहेको थियो।

# एन प्याब्सनको अंग्रेजी भाषा ज्ञान प्रतियोगितामा हिल साइड प्रथम

**पोखरापत्र संवाददाता**
पोखरा, २४ जेठ

नेशनल प्याब्सन कास्कीको आयोजनमा शुक्रबार अंग्रेजी भाषा ज्ञान प्रतियोगिता सम्पन्न भएको छ।

प्रतियोगितामा हिल साइड इङ्लिस सेकेण्डरी स्कुल प्रथम, कास्की मोडर्नाइज्ड एकेडेमी द्धितीय, नेशनल क्रियशन एकेडेमी तृतीय, लाविन रेसिडेन्सियल स्कुल सान्त्वना, अक्सफोर्ड पाँचौ र ओएसिस सेकेण्डरी स्कुल छैटौ भएका छन्। विजयी विद्यालय र विद्यार्थीलाई पुरस्कार प्रदान गरिएको थियो।

एन प्याव्सनको वार्षिक कार्यतालिका अनुसार विद्यार्थीका अन्तर निहित प्रतिभा प्रस्फुटन गर्ने उद्देश्यका साथ प्रतियोगिताको आयोजना गरिएको हो। प्रतियोगितामा एन प्याव्सनमा आवद्ध कक्षा १ देखि ५ सम्मका ३३ विद्यालयको सहभागिता रहेको कार्यक्रम संयोजक हेमबहादुर रानाभाटले जानकारी दिए। प्रतियोगिताको निर्णायकमा शशिधर बराल र टंकराज बराल रहेका छन्। प्रतियोगिताको उद्घाटन गर्दै पोखरा महानगर पालिका शिक्षा महाशाखाका



निर्देशक हेम प्रसाद आचार्यले एन प्याव्सनले गरेको हरेक गतिविधि उत्कृष्ट रहेको बताए।

'एन प्याव्सन कास्कील गर्ने हरेक गतिविधिलाई नजिकबाट निहाल्ने अवसर पाएको छु' आचार्यले भने, 'विद्यार्थीहरुको क्षमता अभिवृद्धि गर्ने कार्यक्रममा एन प्याव्सनले खेलेको भूमिका अतुलनिय रहेको छ।'एन प्याव्सन कास्कीका अध्यक्ष हेमन्त अधिकारीका अनुसार एन प्याव्सनमा आवद्ध कक्षा नर्सरी देखि कक्षा १२ सम्ममा अध्यापन गराउने शिक्षकहरुलाई तालिम दिने कार्यक्रम अन्र्तगत शनिबार आधार भूत तहको कक्षा १ देखि ५ सम्ममा विज्ञान र सामाजिक विषयमा अध्यापन गर्ने शिक्षकहरुलाई तालिम दिइएको थियो। एन प्याव्सन कास्कीले विविध कार्यक्रम सहित एक वर्ष खेलकुद र एक वर्ष शैक्षिक महोत्सव कार्यक्रम गर्दै आएकोमा यस वर्ष भने मंसिर महिनामा वृहत वाल प्रतिभा पहिचान कार्यक्रम गर्ने भएको छ। वृहत वाल प्रतिभा पहिचान कार्यक्रम अन्र्तगत सामूहिक लोक नृत्य प्रतियोगिता, एकल गायन, चित्रकला, कविता वाचन, अभियन, आविश्कार, हस्तकाल (पात चुया र पराल वा छ्वाली) प्रतियोगिता रहेको अध्यक्ष अधिकारीले जानकारी दिए। यस वर्ष क्रिकेट प्रतियोगितालाई पनि समावेश गरिएको छ।

एन प्याव्सन कास्कीका अध्यक्ष हेमन्त अधिकारीको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष मनकाजी गुरुङले स्वागत र सचिव प्रेमराज अधिकारीले कार्यक्रम सञ्चालन गरेका थिए।

# एक्सपर्ट एजुकेसन टि-२० क्रिकेट प्रतियोगिताको उपाधिका लागि प्रतिभा मावि र सृजना मावि भिड्ने

**पोखरापत्र संवाददाता**
पोखरा, २४ जेठ

पोखरामा जारी एक्सपर्ट एजुकेसन अन्तर विद्यालय छात्र टि-२० क्रिकेट च्याम्पीयनसीपको उपाधिका लागि प्रतिभा मावि र सृजना मावि भिड्ने भएका छन्।

पोखराको लेखनाथस्थित ईडेन हेभन क्रिकेट मैदानमा शनिबार भएको सेमीफाइनल खेलहरुमा प्रतिभा माविले रत्नज्योति सेकेण्डरी स्कुल र सृजना माविले मदरल्याण्ड सेकेण्डरी स्कुललाई पराजित गर्दै फाइनल भिडन्त पक्का गरेका हुन्। उपाधि भिडन्त आईतबार हुने आयोजक पोखरा महानगरपालिका क्रिकेट संघका अध्यक्ष बिरेन्द्र पुनले जानकारी दिए। प्रतियोगिता अन्तर्गत शनिबार भएको पहिलो सेमीफाइनल खेलमा प्रतिभा माविले रत्नज्योति सेकेण्डरीलाई ९ विकेटको फराकिलो अन्तरले




पराजित गर्दै फाइनल यात्रा सुरक्षित गरेको छ। टस जितेर व्याटिङ रोजेको रत्नज्योति प्रतिभासामु निरीह देखियो। रत्नज्योतिले ९ ओभरमा सबै विकेट गुमाएर केवल २६ रन मात्र बनायो। प्रतिभाका बलरहरुले रत्नज्योतिका व्याटर हरुलाई खुलेर खेल्न दिएनन् र न्यून स्कोरमा एकपछि अर्को गर्दै व्याटिङ अर्डर धरासायी बनाए। प्रतिभाका सरोज पौडेलले ४ विकेट तथा सहबुद्दिन अन्सारीले २ विकेट लिएका थिए। २७ रनको झिनो लक्ष्य पछ्याएको प्रतिभा माविले केवल १.५ ओभरमै एक विकेट गुमाएर लक्ष्य भेट्टायो। प्रतिभालाई जिताउन सफल श्रेष्ठ एक्लैले १५ रनको योगदान दिए। सो खेलमा प्रतिभाका सरोज पौडेल प्लेयर अफ दी म्याच घोषित भए। शनिबार नै भएको दोस्रो सेमीफाइनल खेलमा सृजना माविले मदरल्याण्ड सेकेण्डरी स्कुललाई ८३ रनको फराकिलो अन्तरले पराजित गर्दै फाइनल यात्रा सुनिश्चित गऱ्यो। टस जितेर व्याटिङ रोजेको सृजनाले १९.४ ओभरमा सबै विकेट गुमाएर १२० रनको योगफल तयार गरेको थियो। सृजनाका लागि अभय विक एक्लैले ५७ रनको योगदान दिए। १२१ रनको मध्यम लक्ष्य लिएर जवाफी व्याटिङमा उत्रिएको मदरल्याण्ड केवल ७.३ ओभरमा सबै विकेट गुमाएर ३७ रनमा सिमित भयो। सृजनाका बलरहरुसामु निरीह देखिएका मदरल्याण्डका व्याटरहरुले खुलेरै खेल्नै पाएनन्। मदरल्याण्डलाई सस्तैमा समेट्न सृजनाका सोनु यादवले ह्याट्रिकसहित ६ विकेट तथा किरण पौडेलले ४ विकेट हत्याएका थिए। उनी सो खेलमा प्लेयर अफ दी म्याचसमेत घोषित भए।

# सेकुङ ...

सहयोगमा थासाङस्थित नाकुम संरक्षण व्यवस्थापन समिति (सिएमसी)ले शनिबार यहाँका दुर्व तालमा कमनकार्प जातका माछाका भुरा छाडिएका हुन्। पूर्वसांसद तुलाचनको उपस्थितिमा थासाङ गाउँपालिका-२ का वडाध्यक्ष गौतम शेरचन र नाकुम संरक्षण व्यवस्थापन समितिका पदाधिकारी तथा सदस्यहरूले माछाका भुरा छाडेका सिएमसीका सदस्य मनप्रसाद गौचनले जानकारी दिनुभयो। समुन्द्री सतहदेखि करिब तीन हजार उचाइमा अवस्थित सेकुङ र भुतर्छो तालमा पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले माछाका भुरा छाडिएको वडा सिएमसी सदस्य गोविन्द शेरचनले जानकारी दिनुभयो। राष्ट्रिय गौरवको बेनी–जोमसोम मुख्य राजमार्ग सडकबाट पश्चिमतर्फ उकालोबाट सवारीसाधनमार्फत १५ मिनेटमा पुग्न सकिने यी ताल धार्मिक तथा सांस्कृतिक महत्व भएर पनि ओझेलमा छन्।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

गीता एक महान धर्मकाण्ड हो । मेरो विचारमा त सबै धर्म त्यसमै छ । – गान्धीका नैतिक सिद्धान्त

## सम्पादकीय

# कार्यक्रम कार्यान्वयनमा समस्या

गण्डकी प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८२/०८३ का लागि नीति तथा कार्यक्रम ल्याएको छ । संघीय सरकारले आर्थिक वर्ष २०८२/०८३ को बजेट सार्वजनिक गरेपछि आएको नीति तथा कार्यक्रम धेरै पुराना र केही नयाँ कार्यक्रम आएका छन । प्रदेश सभामा सत्ता पक्ष र प्रतिपक्षका सांसदहरूले कार्यान्वयनमा जोड दिएका छन । कार्यक्रम जतिसुकै राम्रो भए पनि कार्यान्वयन हुन सकेन भने फोस्रा गफ मात्र हुन्छ ।विगतमा पनि कार्यक्रम एकातिर बजेट अर्कोतिर हुने गरेको हो।कार्यक्रम अनुसारको बजेट आउँछ कि आउँदैन त्यसैमा भर पर्छ।संघीयताको मूल मर्म नै प्रदेश संरचना हो । प्रदेश सरकार शासन प्रणालीको मेरुदण्ड हो भन्ने कुरालाई आत्मसात् गर्दै मुलुकमा राजनीतिक अस्थिरतालाई अन्त्य गर्न सुशासन र विकास निर्माणको गतिलाई तीव्र बनाउन जनतामा रहेको निराशालाई अन्त्य गर्ने उद्देश्य कार्यक्रम को छ ।

नेपाली कांग्रेस र नेकपा (एमाले) बिच भएको सात बुँदे सहमति अनुरूपको साझा सङ्कल्प तथा नीतिगत प्रतिबद्धतामा आधारित भएर नीति तथा कार्यक्रम तयार पारिएको छ । गण्डकी प्रदेश सरकारले दोस्रो पञ्चवर्षीय योजना मार्फत "आत्मनिर्भर र समुन्नत प्रदेशः सुखी प्रदेशवासी" को सोच अघि सारेको छ । सोही सोंचलाई पूर्णता दिन प्रदेश विकास तथा रूपान्तरणका १४ वटा प्रमुख क्षेत्र पहिचान गरेको छ । १ सय ३४ बुँदे नीति तथा कार्यक्रमले केही नयाँ कार्यक्रम अघि सारेको छ । बिनियोजन बिधेयक (बजेट) को सिद्धान्त र प्राथमिकता ल्याईसकेको छ । संविधान अनुसार आगामी असार १ गते आर्थिक वर्ष २०८२/०८३ को बजेट पनि आउँदैछ । यसपटक बजेटको आकार पनि झन्डै ४ अर्बले घट्ने सरकारले नै बताइरहेको छ । प्रदेश सरकारको आयको उल्लेखनीय हिस्सा संघीय अनुदान र गत वर्षको मौज्दात नै मुख्य रहँदै आएको छ । यसर्थ प्रदेश आन्तरिक आय बृद्धि गर्नुपर्ने दवावमा छ । प्रदेश सरकार संचालनको मुल आधार राजस्व संकलन र परिचालन नै हो । सरकारले प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन गर्नका लागि नीति तथा कार्यक्रम, बजेटको लक्ष्य अनुसार कार्ययोजना बनाई अघि बढ्नुपर्नेछ।जनशक्तिको अभाव र काम गर्न सक्ने क्षमताको विकास नभएसम्म नीति तथा कार्यक्रम सुनाउन र अभिलेखिकरण गर्न सिमित हुनेछ।हामीले अपनाएको प्रणाली र हाम्रो काम गर्ने शैलीमा एकरुपता ल्याएर मात्र कार्यान्वयन हुनेछ ।

गण्डकी प्रदेश सरकारले बजेट तथा योजना निर्माण गर्दा दीगो बिकास लक्ष्य, संघीय सरकारको नीति तथा कार्यक्रम, प्रदेश सरकारको क्षेत्रगत नीति, आवधिक योजना र कार्यक्रम समान्जस्यता हुनेगरी बजेट व्यवस्था एवं कार्यान्वयन भएको छैन । संघको आवधिक योजना, क्षेत्रगत नीति अनुसार सामन्जस्यता हुनेगरी प्रदेशको नीति तथा कार्यक्रम तयार नभएको महालेखाको पछिल्लो प्रतिवेदनले औंल्याएको छ । प्रदेशको एकीकृत लक्ष्यका लागि स्थानीय तहबाट संचालन हुने योजनामा समन्वय नभएको गुनासो छ ।स्थानीय तहका वडाले गर्ने कार्यक्रम प्रदेशले गरेको भनेर आलोचना हुने गरेका छन।प्रदेशको नीति तथा कार्यक्रम अनुसार समग्र बजेट, नीति तथा कार्यक्रम र बजेटमा तालमेल नदेखिएको, स्वीकृत बजेट अनुसार कार्य प्रगति नभएको, योजनाहरुको प्राथमिकीकरण नगरी साना योजनाहरुमा बजेट खर्च भएको, मागका आधारमा योजना छनौट नगरी कार्यान्वयन गराइनुलगायत कारण अपेक्षित उपलब्धी प्राप्त गरेको नदेखिएको महालेखाले औंल्याएको छ । राष्ट्रिय लक्ष्यसंग सामन्जस्यता कायम गरी नीति तथा कार्यक्रम र बजेट व्यवस्था एवं लक्ष्य अनुसार प्रगति हासिल हुने योजना निर्माण हुनेगरी सुधार गर्नुपर्ने उसले भनेको छ । यसर्थ महालेखाको आर्थिक वर्ष २०८०/०८१ को उक्त प्रतिवेदनले औंल्याएका कमजोरीलाई सुधार्दै गण्डकी प्रदेश सरकारले अवदेखि नीति तथा कार्यक्रम र बजेटको तादम्यता मिलाएर अघि बढ्न जरुरी छ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बड्ने | तुला | : अप्रत्यसित लाभ |
| वृष | : शुभ यात्रा | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : आर्थिक समस्या | धनु | : शारीरिक झमेला |
| कर्कट | : स्वास्थ्यमा सुधार | मकर | : मानसिक तनाब |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : ब्यापारमा लाभ |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : शत्रुको भय |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# म्याग्दे गाउँपालिकाका ६६ श्रमिक मजदुर कोषमा सूचिकृत

पोखरापत्र संवाददाता
दमौली, २४ जेठ

जिल्लाको म्याग्दे गाउँपालिकाले ६६ श्रमिकलाई मजदुर कोषमा सूचीकृत गरेको छ । श्रमिकलाई मजदुर सञ्चित कोषमा सूचीकृत गर्ने म्याग्दे गण्डकी प्रदेशमा दोस्रो पालिका बनेको हो ।

गाउँपालिकाले अनौपचारिक क्षेत्रमा कार्यरत ६६ जना मजदुरलाई उक्त कोष आबद्ध गराएको हो । यहाँ आयोजित कार्यक्रममा गाउँपालिकाका अध्यक्ष श्रीप्रसाद श्रेष्ठ, उपाध्यक्ष बालकृष्ण घिमिरेले श्रमिकलाई मजदुर कोषमा सूचीकृत गरिएको प्रमाणपत्र हस्तान्तरण गर्नुभएको छ । मजदुर सञ्चित कोष सञ्चालन कार्यविधि, २०८१ को दफा १२ बमोजिम गठित वडास्तरीय विपन्न मजदुर छनोट समितिले दफा १३ को उपदफा १ बमोजिम सिफारिस गरेको अङ्कलाई गाउँपालिका मजदुर सञ्चित कोष सञ्चालन तथा विपन्न मजदुर छनोट समितिले पुनरावलोकन गरी ७८ जनालाई कोषमा आबद्ध गराउने निर्णय गरेको थियो । तीमध्ये पहिलो चरणमा ६६ जनालाई सूचीकृत गरिएको गाउँपालिकाका अध्यक्ष श्रेष्ठले जानकारी दिनुभयो ।

जीवनभर अर्काका लागि श्रम गर्ने तर अप्ठ्यारो परेको बेला कोही नहुने तथा आर्थिक अवस्था कमजोर भएका विपन्न मजदुर वर्गलाई लक्षित गरी गाउँपालिकाले मजदुर सञ्चित कोष कार्यान्वयन गरेको उहाँले बताउनुभयो । दैनिक रु ८०० देखि रु एक हजार ५०० सम्म आम्दानी गर्ने भए पनि न्यून बचतका कारण सङ्कटको अवस्था सामाना गर्नुपर्ने, शिक्षा, स्वास्थ्य, आवासलगायत मानवीय र सामाजिक विकासको अवस्था कमजोर भएकाहरूका लागि 'म्याग्दे गाउँपालिकाको मजदुर सञ्चितकोष सञ्चालन कार्यविधि, २०८१' कोष स्थापना गरी कार्यान्वयनमा ल्याइएको अध्यक्ष श्रेष्ठले उल्लेख गर्नुभयो ।

उक्त कोष कार्यान्वयनमा ल्याउने म्याग्दे गाउँपालिका गण्डकी प्रदेशको दोस्रो र तनहुँको पहिलो स्थानीय तह हो । यसअघि स्याङ्जाको फेदीखोला गाउँपालिकाले उक्त कोष कार्यान्वयनमा ल्याएको थियो । पालिकाको उक्त कोष सञ्चालन कार्यविधिबमोजिम पालिकाभित्रका १८ देखि ५९ वर्षका दैनिक ज्यालादारीमा काम गर्ने विपन्न मजदुरलाई लक्ष्य गरी स्थापना गरिएको अध्यक्ष श्रेष्ठको भनाइ छ । उहाँका अनुसार गाउँपालिकाले आफ्नै घर भए/नभएको, परिवारमा रोजगार छ/छैन, आश्रित परिवारको सङ्ख्यालगायत पक्षलाई विश्लेषण गरी मजदुर छनोटको आधार तयार पारेको छ । सूचीकृत मजदुरले सार्वजनिक विकास, निर्माणमा संलग्न हुँदा प्राप्त गर्ने ज्याला रकम अनिवार्य रूपमा बैंकिङ प्रणालीबाट भुक्तानी प्राप्त गर्नेछन् । भुक्तानीको क्रममा रकम ज्यालाबाट १५ प्रतिशत कट्टा गरेपश्चात् पालिकाका तर्फबाट १५ प्रतिशत रकम चौमासिक रूपमा मजदुरको बैंक खातामा बचत गर्ने व्यवस्था गरिएको अध्यक्ष श्रेष्ठले जानकारी दिनुभयो । उहाँका अनुसार उक्त मजदुरले पालिकाबाट थप हुने १५ प्रतिशत रकमबाहेक स्वास्थ्य बिमालगायत अन्य सुविधा पनि पाउनेछन् । दैनिक ज्यालादारीमा काम गर्ने मजदुरको सम्पूर्ण आम्दानी दैनिक घर खर्चमा जाने अवस्था भएकाले मजदुरको बचत गर्ने बानीको विकास गर्न तथा श्रमिक वर्गलाई सामाजिक सुरक्षाको प्रत्याभूति गराउन उक्त कोष कार्यान्वयनमा ल्याइएको अध्यक्ष श्रेष्ठले बताउनुभयो ।

# मार्फा–जोमसोम सडक धमाधम कालोपत्र

पोखरापत्र संवाददाता
मुस्ताङ, २४ जेठ

मार्फा-जोमसोम सडक धमाधम कालोपत्र भइरहेको छ । लामो समय रोकिएको कालोपत्र कार्य गत हप्तादेखि सुरु गरिएको हो ।

उत्तर र दक्षिण जोड्ने राष्ट्रिय गौरवको सडकअन्तर्गत ७४ किलोमिटर लामो बेनी-जोमसोम सडक कालोपत्र गर्न आर्थिक वर्ष २०७३/७४ मा ठेक्का सम्झौता भएको थियो । रु ७० करोडको लागतमा कोवाङ–मार्फा १७ किमी सडक कालोपत्र गर्न सम्झौता भएको थियो । कोवाङ-जोमसोम सडकको ९० प्रतिशत भौतिक प्रगती सम्पन्न हुँदै गर्दा निर्माणमा संलग्न कम्पनीले काम अधुरै छाडेको थियो । बेनी-जोमसोम चौथो खण्डको कोवाङ-जोमसोम सडक निर्माणका लागि सुरुआती ठेक्का पप्पु-गौरी पार्वती, कोशी एण्ड न्यौपाने जेभीसँग सम्झौता भएको थियो । तर सो कम्पनीले सडक निर्माणको काम प्रभावकारी रुपमा अघि बढाउन नसकेपछि काम अधुरै थियो । तर, निर्माण कम्पनी चालु आर्थिक वर्ष सकिन लाग्दा कोवाङ–जोमसोम सडक निर्माणको काममा फर्किएको हो ।

आयोजनाका सूचना अधिकारी विष्णु चापागाईले कोवाङ-जोमसोम सडकको हालसम्म भौतिक प्रगती ९० प्रतिशत रहेको बताउनुभयो । हालसम्म कोवाङदेखि टुकुचे र टुकुचे सिरान टोलदेखि मार्फासम्म कालोपत्र सम्पन्न भएको उहाँले बताउनुभयो । जोमसोम कालिपुलदेखि पुथाङ विमानस्थलसम्म आरसीसी तथा कालोपत्र भएको छ ।

कोवाङ-जोमसोम सडकखण्डको बाँकी (मार्फा-जोमसोम) चार किमी सडक पनि कालोपत्र गर्न थालिएको छ । राष्ट्रिय गौरवको (मार्फा-जोमसोम) सडक अधुरै रहँदा जनताबाट आलोचना खेप्नु परेको घरपझोङगाउँपालिकाका अध्यक्ष मोहनसिंह लालचनले बताउनुभयो । मार्फा-जोमसोम सडक कालोपत्र भए मुस्ताङको घाँसादेखि मुक्तिनाथसम्म सडक सञ्जालले जोडिने छ ।

# बागलुङमा 'आमा शिक्षा' कार्यक्रम

पोखरापत्र संवाददाता
बागलुङ, २४ जेठ



झोलामा किताब, कापी, हातमा पानीको बोत्तल । झट्ट हेर्दा नातीनातिना विद्यालय पुर्‍याउन आएकाजस्ता देखिने बागलुङका १० जना आमा यतिबेला आफैं कखरा सिक्दै हुनुहुन्छ ।

विद्यालयमा विद्यार्थीको सङ्ख्या घटेर न्यून भएपछि आमालाई विद्यालयमा भर्ना गरिएको हो । सरकारले २०७० सालमा 'साक्षर हाम्रो अधिकार' भन्ने नाराका साथ सञ्चालित 'साक्षरता नेपाल अभियान'अन्तर्गत प्रौढशिक्षा कार्यक्रम सञ्चालन गरेर बागलुङ जिल्लालाई निरक्षरमुक्त जिल्ला घोषणा गरेको छ । बागलुङ सदरमुकामबाट १० मिनेटको दूरीमा पुगिने बागलुङ नगरपालिका-३ खहरेका १० जना आमा भर्खर कखरा सिक्दै हुनुहुन्छ । उहाँहरु आफ्नो नाम लेख्न सक्षम हुनुभएको छ । खहरेको वसन्धरा प्राथमिक विद्यालयले व्यवस्थापन समिति र प्रधानाध्यापकसमेतको संयोजनमा'आमाशिक्षाकार्यक्रम' सञ्चालन गरेको छ । सोही कार्यक्रमअनुसार पहिले अक्षर चिनेका तीन जना आमा कक्षा २ र अक्षर नै नचिनेका सात जना आमा कक्षा १ मा भर्ना हुनुभएको छ । कक्षा ३ सम्म अध्यापन हुने विद्यालमा अहिले जम्मा १६ जनामात्रै विद्यार्थी छन् । १० जना आमा थपिएपछि २६ जना पुगेका छन् ।

विद्यालय जाने उमेरका यो गाउँका बालबालिका सदरमुकामका निजी विद्यालयमा जान थालेपछि विद्यालय जोगाउन आमा साक्षरता कार्यक्रम चलाइएको विद्यालयको प्रधानाध्यापक सरिता उप्रेती पाण्डेले जानकारी दिनुभयो । विद्यालयमा विद्यार्थीको सङ्ख्या न्यून नभएपछि विद्यालय व्यवस्थापन समितिले निर्णय नै गरेर अभिभावक पढाउन सुरु गरेको हो । घरधन्दा सकेर किताब र कापी बोकी विद्यालय पुग्ने उहाँहरु साँझ बिहान नातीनातिनासँगै गृहकार्य गर्ने गरेको बताउनुहुन्छ । छपन्न वर्षमा कक्षा १ मा भर्ना हुनुभएकी खिमकुमारी कार्की गाउँमा प्रौढकक्षामा आफूले पढ्न नपाएको भए पनि 'आमा शिक्षा कार्यक्रम'ले पढ्ने चाहना पूरा गरिदिएको बताउनुहुन्छ । अहिले फोटो हेरेर फोन गर्छु उहाँले भन्नुभयो, अक्षर चिनेपछि विदेशमा भएका छोरालाई आफैँले अक्षर चिनेर फोन गर्ने इच्छा छ । किताब र कापी च्यापेर विद्यालय जाँदा फुरुङ्ग उहाँ धुलोमैलो र माटाको स्कुल अहिले सिमेन्ट र कार्पेट बिछ्याउँदा विद्यार्थी घटेर विद्यालय बन्द हुने अवस्थामा पुगेकामा चिन्तित हुनुहुन्छ ।

लालबहादुर खत्री लामो समय विद्यालय व्यवस्थापन समितिको अध्यक्ष रहेको विद्यालय विद्यार्थी घटेर सङ्कटमा परेपछि विद्यालय जोगाउन आफैँले पढ्न सुरु गरेको ६० वर्षीया मीनाकुमारी खत्रीले बताउनुभयो । अक्षर नचिनेका आमाहरुलाई पढ्नेलेख्ने बनाउनु राम्रो काम भए पनि पढ्ने उमेरका बालबालिका विद्यालयमा थोरै हुनु दुःखद् भएको विद्यालयका प्रधानाध्यापक सरिता उप्रेती पाण्डे बताउनुहुन्छ । बालशिक्षामा बर्सेनि १२ जनाभन्दा बढी बालबालिका भर्ना भए पनि १ कक्षा पुग्नेबेलामा विद्यार्थी सङ्ख्या शून्य हुने गरेको उहाँले जानकारी दिनुभयो ।

# एकल महिलालाई ७५ प्रतिशत अनुदानमा बाख्रा

पोखरापत्र संवाददाता
तनहुँ, २४ जेठ




तनहुँको म्याग्दे गाउँपालिकाले एकल महिलालाई ७५ प्रतिशत अनुदानमा बाख्रा वितरण गरेको छ । गाउँपालिकाभित्रका एकल महिलालाई आयआर्जनमा जोड्ने उद्देश्यसहित गाउँपालिकाले बाख्रा वितरण गरेको हो ।

गाउँपालिकाभित्रका सात वटा वडाका चार/चार एकल महिला छनोट गरी प्रत्येकलाई एक/एक वटाका दरले बाख्रा वितरण गरिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नारायणप्रसाद अधिकारीले जानकारी दिनुभयो । उहाँका अनुसार पालिकाभित्र एकल महिलाको सङ्ख्या चार सय ५२ जना रहेकामा निम्न आय भएका २८ जना महिला छनोट गरी बाख्रा वितरण गरिएको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "एकल महिलालाई आयआर्जनमा जोड्ने उद्देश्यसहित बाख्रापालनतर्फ प्रोत्साहन गरेका हौं । यसले उहाँहरूलाई आत्मनिर्भर बन्न सहयोग पुग्नेछ ।" बाख्रा खरिदका लागि पालिकाले प्रति महिला रू १२ हजार सहयोग गरेको अधिकारीले बताउनुभयो ।

गाउँपालिकाका अध्यक्ष श्रीप्रसाद श्रेष्ठले एकल महिलालाई बाख्रा वितरणका लागि पालिकाले रू तीन लाख बजेट विनियोजन गरेको जानकारी दिनुभयो । उहाँले एकल महिलालाई आर्थिक रूपमा सशक्त बनाउन र जीविकोपार्जनमा सहयोग पुर्‍याउने उद्देश्यसहित बाख्रा वितरण गरिएको बताउनुभयो । एकल महिला सिर्जना विकले पालिकाले अनुदानमा बाख्रा वितरण गरेकाले बाख्रापालनतर्फ आत्मनिर्भर बन्ने प्रयास गर्ने बताउनुभयो । उहाँले भन्नुभयो, "यसले बाख्रापालनतर्फ अगाडि बढ्न प्रोत्साहित गरेको छ ।"

# जेष्ठनागरिकलाई बागलुङकालीका र पञ्चकोटको तीर्थयात्रा

पोखरापत्र संवाददाता
पोखरा, २४ जेठ



कास्कीको पोखरा महानगरपालिका वडा नं. १७ ले वडाभित्रका जेष्ठनागरिकलाई तिर्थयात्रा गराएको छ । चालू आर्थिक बर्षको नीति तथा कार्यक्रम अनुसार वडाबाट छनोट भएका ७० जना जेष्ठनागरिकलाई बागलुङकालीका र पञ्चकोटको तीर्थ यात्रामा पठाएको हो ।

दुईवटा वसमार्फत एकदिने तिर्थयात्रामा निस्केका जेष्ठनागरिकलाई वडाअध्यक्ष राधिका शाही योगीले वडाकार्यालयमा जम्मा भएका जेष्ठनागरिकलाई खादा लगाएर विधाई गर्नु भएको थियो । उहाँका अनुसार जेष्ठनागरिकको संरक्षण र सामाजिक सुरक्षा गर्दै अग्रजमा रहेको ज्ञान, सिप, क्षेमता र अनुभवको सदुपयोग गरी निजहरुप्रति प्रत्येक परिवारले श्रद्धा, आदर तथा सद्भाव सहितको व्यवहार गर्नु अपरिहार्य छ । स्थानीय तहले नागरिकको जीवनयापनमा समस्या देखेमा निजको सन्तान वा नागरिकको हकवालाको आयश्रोतवाट केही प्रतिशत कटौती गरि सम्वन्धित व्यक्तिको खातामा जम्मा गर्ने संवैधानिक निती रहेको उहाँले जानकारी दिनुभयो । वडा सदस्यहरु विक्रम गुरुङ, विष्णुमाया थापा र तारासेवा एवम् सुचना अधिकृत रुद्रथापा मगर र प्राविधिक हरिहर खड्काले तिर्थयात्रामा सहभागिहरु सेवा पुर्‍याउँनु भएको थियो । यात्रा टोली आजै पोखरा फर्कने कार्यक्रम रहेको छ । वडा कार्यालयले जेष्ठनागरिकको क्षेत्रमा महत्वपूर्ण कार्य गर्दै आएको छ । यसअघि पनि चितवनको देवघाट र नवलपुरको मौलाकालीकाको तिर्थयात्रा सम्पन्न गर्नुको साथै वडा भित्रका दिवासेवा केन्द्रलाई समेत सहयोग गर्दै आएको छ ।

# रेडक्रस १० उपशाखाद्वारा नि-शुल्क स्वास्थ्य शिविर सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, २४ जेठ

नेपाल रेडक्रस सोसाइटी पोखरा - १० उपशाखाको आयोजनामा वडा नं १० मा रहेका टोल बिकास सस्था र आमा समूह का सदस्यहरू लाई निशुल्क स्वास्थ्य शिविर मधुमेह ( सुगर ) र मृगौला उपचार सम्बन्धि कार्यक्रम उपशाखाको सभाहलमा सम्पन्न गर्यो ।

उक्त कार्यक्रम पोखरा महानगर पालीका वडा नं १० का वडा अध्यक्ष राजेश गुरुङ्ग (राजु सर) को प्रमुख अतिथी मा पानसमा दिप प्रज्जलनका साथ हेनरी ड्यूनाको तस्विरमा माल्यार्पण गरी कार्यक्रमको उद्घाटन गर्नुहुदै मानवीय सेवामा समर्पितहुने उपशाखा १० ले टोल टोलमा रेडक्रस भन्ने अभिप्रायका साथ संचालित उपशाखाले पटक पटक आफ्ना सदस्य र वडाबसीहरूको स्वास्थ्य सम्बन्धि बिभिन्न स्वास्थ्य शिविर संचालनका साथ बिपत ब्यबस्थापन आगलागीबाट हुने क्षति न्यून, महाभुकम्प जस्ता कार्यमा आफ्नो दक्षता देखाइ उपशाखाको पहिचान बनाइ सकेको अबस्थामा टोल टोलका वडाबासीहरुलाई समेत स्वास्थ्य सम्बन्धि परिक्षण, सचेतना कार्यक्रम जस्ता कार्य गर्दै सामान्ने सामान्ने कुरामा मानब सचेत रहनु पर्ने बाताबरण बनाई सिङ्गो वडाको



काम गर्दै आइरहेको अबस्थामा आज उपशाखा १० ले मधुमेह र मृगौला रोग सम्बन्धि सचेतनाका साथ स्वास्थ्य परिक्षण गराइ ठुलो मानवीय कामको आयोजना गरेकोमा बधाईका साथ सफल उपशाखा बन्न सक्ने शुभकामना दिनुहुदै उपशाखाका हरेक काममा वडाको सहयोग रहने बताउनुभयो। उक्त मधुमेह तथा मृगौला स्वास्थ्य उपचार शिविर कार्यक्रममा रामबजार पोखरा १० का पुरानो मेडिकल हल किरण मेडिकल हलमा संचालित आर सि हेल्थ क्लिनिक को बिषेश निशुल्क सहयोगमा संचालित निशुल्क मधुमेह तथा मृगौला स्वास्थ्य परिक्षण शिविर कार्यक्रममा उपशाखा १० का आजीवन सदस्य लगायत टोल टोलबाट करिब १ सय ६० जनाको सहभागीतामा स्वास्थ्य परिक्षण गराइ संचालित उक्त कार्यक्रम मा नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा कास्कीका मन्त्री एवं उपशाखा १० का समन्वय कर्ता सन्तोष अधिकारीले उपशाखाले गरेका कार्य को प्रशंसा गर्दै कास्की शाखाको अनुमानमा अब हुनसक्ने बीपतको समयमा करिब ३० लाख मानिसलाइ बिपत पर्न सक्ने आकलन भएकोले उपशाखा १० बाट पनी बिपत ब्यबस्थापन कार्यमा सहयोग आउने बताउनु हुदै वडा कार्यालय बाट समेत हरेक बर्षको कुल बजेटमा ५% बिपत ब्यबस्थापनमा छुट्याउनु पर्ने र रेडक्रससंग समन्वय गरि वडाका समुहहरूलाइ बिभिन्न बिपत का कार्यहरूमा तालिम दिइ सचेत गराइ राख्नुपर्ने बताउनुभयो।

उक्त निशुल्क स्वास्थ्य शिविर कार्यक्रममा आर सी हेल्थ क्लिनिक का संचालक रामचन्द्र पौडेलले मानब जिबन मा सर्वप्रथम आफूलाई रोगै लाग्न नदिइ स्वास्थ्य रहन अहिले सबैभन्दा पहिले हामीले खाने खानपानमा बिशेष ध्यान दिनुपर्ने र दैनिक बिहान बेलुकी हिडडुल र सारिरिक ब्यायम गर्ने गरेमा मानब सरिरमा लाग्ने हरेक किसीमका स्वास्थ्य समस्या कम हुदैजाने बिचार राख्नुहुदै आजको यस निशुल्क स्वास्थ्य परिक्षण शिविरमा रेडक्रस जस्तो पवित्र मानबिय सस्था संग समन्वय गरि कार्यक्रमको सहयोग कार्य गर्न पाएकोमा उपशाखा १० लाई धन्यबाद ब्यक्त गरी संचालित शिविरमा वडा समिति कार्यालय वडा नं १० का वडा सदस्य पुर्णचन्द्र न्यौपाने, वडा सदस्य परमेश्वर बहादुर कार्की, राम बजार सोसाइटी यूकेका सस्थापक अध्यक्ष राम बहादुर गुरुङ्ग, राम बजार सोसाइटी यूकेका पुर्ब अध्यक्ष रूपक गुरुङ्ग, राम बजार जेष्ठ नागरिक मिलन केन्द्रका अध्यक्ष थमान सिंह थापा लगायतका ब्यक्तिहरूले आ आफ्नो बिचार राख्नु हुदै कार्यक्रम सफलताको कामना दिनु भयो। उक्त निशुल्क स्वास्थ्य शिविर कार्यक्रममा पोखरा १० उपशाखाका कोषाध्यक्ष नरहरी पनेरूले रेडक्रसका सात सिद्धान्त बाचन गर्नुभएको कार्यक्रमा उपशाखा १० का सदस्य धनमाया गुरुङ्गले स्वागतद्वारा सबैलाई स्वागत गर्नुभएको निशुल्क स्वास्थ्य परीक्षण कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी पोखरा १० उपशाखाका सभापति जीवन श्रेष्ठको सभापतित्वमा सम्पन्न कार्यक्रममा उपशाखाका सचिव बिन प्रसाद गुरुङ्गले कार्यक्रम संचालन गर्नु भएको थियो।

# स्याङ्जामा फरार कसुरदार पक्राउ

**पोखरापत्र संवाददाता**
स्याङ्जा, २४ जेठ

जिल्ला अदालत स्याङ्जाले विभिन्न मुद्धामा कैद सजाय र जरिवाना तोकिएका फरार कसुरदारहरु धमाधम पक्राउ पर्न थालेका छन्।

विभिन्न मुद्धामा अदालतले गरेको फैसला अनुसार कैद सजाय भुक्तान गर्नुपर्ने र तोकिएको जरिवाना बुझाउनु पर्नेमा फरार भएर कानुनको उल्लघंन गरी फरार भएका अभियुक्तहरुलाई प्रहरीले धमाधम पक्राउ गर्न थालेको हो । जिल्ला प्रहरी कार्यालय स्याङ्जाले एकैदिन ८ जना फरार अभियुक्तलाई पक्राउ गर्न सफल भएको छ । रहेका ८ जना कसुरदारलाई प्रहरीले पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय स्याङ्जाले विभिन्न मुद्धामा फैसला भई कैद सजाय सुनाइएका आठ जनालाई पक्राउ गरेको छ। जिल्ला अदालत स्याङ्जाबाट कैद सजाय र जरिवाना भुक्तान गर्नुपर्ने फैसला सुनाइएका ८ जनालाई प्रहरीको गस्ती टोलीले फक्राउ गरेको जनाएको छ। बैकिङ्ग कसुर र कुटपिट मुद्धामा सजाय तोकिएका अभियुक्तहरुलाई प्रहरीले चलाएको गस्तीले पक्राउ गरेको जिल्ला प्रहरी प्रमुख प्रहरी उपरीक्षक दधिराम न्यौपानेले जानकारी दिए। प्रहरीले दिएको जानकारी अनुसार ४ जना बैकिङ कसुरदार, ३ जना चेक अनादर र १ जना कुटपिट मुद्धाका अभियुक्त रहेका छन्।

बैकिङ कसुरमा २३ दिन कैद सजाय र ८० लाख जरिवाना तोकिएका भिमबहादुर विश्वकर्मा, ७९ लाख ८८ हजार जरिवाना तोकिएका कमला केसी, १ दिन कैद सहित १ लाख जरिवाना तोकिएका बत्ती विक र १६ हजार ७ सय ५० रुपैयाँ जरिवाना तोकिएका शिवलाल लम्साल पक्राउ परेका छन् । यसैगरी चेक अनादरमा २ हजार जरिवानामा झवनाथ भण्डारी, ५ सय २८ जरिवाना तोकिएका गंगामाया गुरुङ्सेनी र १ हजार जरिवाना तोकिएका अमरराज गुरुङ पक्राउ परेका हुन्। कुटपिट सम्वन्धी मुद्धामा अदालतले १ सय १० रुपैयाँ जरिवाना तोकिएका ढालबहादुर सुनार पनि प्रहरीको पक्राउनमा परेका छन् । पक्राउ परेका अभियुक्तबाट १ करोड ६१ लाख ८ हजार ४२ रुपैयाँ जरिवाना र जम्मा २४ दिनको कैद सजाय भुक्तान गर्नुपर्ने छ। अदालतबाट भएको फैसला कार्यन्वयनलाई चुस्त, दुरुस्त र प्रभावकारी बनाई न्यायीक कारवाहीलाई पुर्णता दिई, सुरिक्षत र न्यायपुर्ण समाज निर्माणको सुनिश्चितताको लागि जिल्ला प्रहरी कार्यालयबाट खटिएको बिशेष अप्रेसन टोलीले पक्राउ गरेको प्रहरी प्रमुख न्यौपानेले बताए । प्रहरीले लामो दुरीको ग्रामीण गस्ती संचालन गरी शान्ति सुरक्षा, अपराधका बिषयमा छालफल गरी घरेलु हिंसा, बाढी पहिरो, चोरी लगायतका बिषयमा प्रहरीले गाउँ–गाउँमा कार्यक्रम संचालन गर्दै आएको छ । जसले गर्दा नागरिकहरुमा हामी सुरक्षित छौं भन्ने आभास आफुले पाएको प्रहरी प्रमुख न्यौपानेले बताए। सिमित साधन श्रोत र दरबन्दी अनुसारको प्रहरी कर्मचारी नहुँदा पनि स्याङ्जामा पछिल्लो समय प्रहरीले ग्रामीण क्षेत्रमा विभिन्न कार्यक्रमहरु संचालन गर्दै आएको छ।

# पोखरा २३ मकनपुरमा आन्तरिक पर्यटन प्रवर्द्धन गर्न व्यवसायीको पदयात्रा

**पोखरापत्र संवाददाता**
पोखरा, २४ जेठ

पोखरा २३ मकनपुरमा आन्तरिक पर्यटक प्रवर्द्धन गर्न पोखराका पर्यटन व्यवसायीले पदयात्रा गरेका छन्।

भिजिट पोखरा २०२५ को आयोजनामा भएको कार्यक्रममा पोखराका विभिन्न संघ संस्थाका अध्यक्ष र पर्यटन व्यवसायीको सहभागीता रहेको थियो । मकनपुरमा भएका होमस्टे, पञ्चासे क्षेत्रमा रहेका धार्मिक, सास्कृतीक र होमस्टेहरुको प्रवर्द्धन गर्न उद्देश्यले कार्यक्रमको आयोजना गरेको हो।

भिजिट पोखरा २०२५ कार्यान्वयन समितिका संयोजक गोपी भट्टराईले पञ्चासे क्षेत्रमा रहेका ग्रामीण होमस्टेले पर्यटकलाई स्थानीय जीवनशैली जान्ने बताए। उनले मौलिक सांस्कृतिक प्रस्तुति र परम्परागत जडीबुटीहरु प्रयोग



गरेका खाना खान पाउदा विदेशीहरु पनि नयाँ अनुभव हुने बताए।

उनले पोखराको पर्यटन प्रवर्द्धन गर्न भिडियो प्रतियोगिता, पर्यटन प्रवर्द्धनका लागि भारत, चीन, बंगलादेश लगाएतका देशमा पर्यटन प्रवर्द्धनका लागि सेल्समिसन सन्चालन गर्ने बताए।

कार्यक्रममा पोखरा पर्यटन परिषद्का पूर्व अध्यक्ष सुर्य भुजेलले पर्यटन विकासका लागि सेवामा स्तरीयता कायम गर्नु पर्ने बताए । उनले तालिम आवश्यक परेरमा आफुहरुले सहयोग गर्न तत्पर रहेको बताए।

कार्यक्रममा नेपाल पत्रकार मंहासघ गण्डकीका अध्यक्ष रमेश पौडेलले पञ्चासे क्षेत्र धार्मिक महत्वको क्षेत्रका साथै जैविक विविधताले महत्वपुर्ण भएको बताए । कार्यक्रममा हर्पन खोला संरक्षण समितिका अध्यक्ष रविन्द्र गुरुङ, मकनादेवी सामुदायीक होमस्टेका अध्यक्ष शिव घले लगाएतले प्रचार प्रसारको अभावमा पहिलेका पदमार्ग ओझेल पर्दै गएको बताए।

पोखराको पृथ्वीचोक, हल्नचोक, पामेबजार, ठुलाखेत, घाटिछिना हुदै करिब ४० मिनेटमा पुग्न सकिन्छ । ३१ घरधुरी रहेको यो गाउँमा अहिले ५ घरमा होमस्टे संञ्चालन भएको छ भने अन्य थोरै घरमा मात्रै मानिसहरु बस्छन्। अन्य घर खाली छन्। होमस्टको प्रबर्द्धन गर्दै गाउँ मै फर्किनका लागि प्रेरित गर्न कार्यक्रमको आयोजना गरेको पञ्चासे फाउण्डेसनका अध्यक्ष नवराज पौडेलले बताए। पञ्चासे कास्की, पर्वत र स्याङजाको संगमस्थलका रुपमा लिइन्छ । पञ्चासे क्षेत्रमा ५५९ प्रजातिका बनस्पती १४३ प्रजातिका सुनाखरी पाइने पौडेलले बताए।

# भेट्रान्स फुटसलको उपाधि गौरीघाटलाई

**पोखरापत्र संवाददाता**
पोखरा, २४ जेठ

पोखरामा भएको प्रथम प्राइम ५ ए साइड भेट्रान्स फुटसल प्रतियोगिताको उपाधि गौरी घाटले जितेको छ।

पोखरा १३ स्थित खेलकुन्जमा डाक्टर दिवसको प्रस्तुतिमा भएको ३५ वर्षमाथिको प्रतियोगिताको फाइनल खेलमा एलजी एसोसिएसनलाई टाइब्रेकरमा ३-२ गोलले हराउँदै लेकसाइडको गौरी घाटले उपाधिसहित ७७ हजार सात सय ७७ रुपैयाँ हात पारेको छ। यस्तै एलजीले ४४ हजार चार सय ४४ रुपैयाँ प्राप्त गऱ्यो। अत्यन्तै प्रतिस्पर्धात्मक बनेको खेलको निर्धारित समय १-१ गोलको बराबरीमा सकिएपछि खेल टाइब्रेकरमा धकेलिएको थियो। त्यअघि खेलको तेस्रो मिनेटमा नै लेकसाईड गौरी घाटका लागि किरण गुरुङले अग्रता दिलाएका थिए । राजेश खांडको



पासमा किरणले गोल गरे।

पहिलो हाफमा १-० ले पछि परेको एलजीले दोस्रो हाफमा बराबरी गोल फर्कायो । दोस्रो हाफको १९ औ मिनेटमा एलजीका मनिष थापाले गोल गरे । दुई दिनसम्म चलेको प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी लेकसाइडका गम्भिर परियार घोषित भए । यस्तै उत्कृष्ट गोलरक्षक लेकसाइडकै विशाल नेपाली घोषित भए भने सर्वाधिक गोलकर्ता एलजीका मनिष थापा घोषित भए। उनीहरुले समान तीन/तीन हजार रुपैयाँको साथमा ट्रफी हात पारे। प्रतियोगितामा कुल २१ टिमको सहभागिता रहेको थियो। प्रतियोगिता सफल भएको र आगामी दिनमा समेत निरन्तरता दिने हौसला मिलेको प्रतियोगिता संयोजक अनुप रानाले बताए।

# पदयात्रा पर्यटनसँग जोडिँदै सिङ्दी घरवास

**पोखरापत्र संवाददाता**
पोखरा, २४ जेठ

लमजुङको क्होलासौँथर गाउँपालिका वडा नं ५ सिङ्दीमा सञ्चालित सिङ्दी सामुदायिक होमस्टे पदयात्रा पर्यटनसँग जोडिने भएको छ।

गुरुङ पर्यटन व्यवसायी सङ्घ (जिटिन) गण्डकी प्रदेशको सक्रियतामा अध्ययन एवं अन्वेषण गरी घोषणा गरिएको गुरुङ सम्पदा पदमार्गमा सिङ्दी समावेश गरिएको छ । कास्की, लमजुङ र मनाङका विभिन्न भागहरू समेटिएको यस पदमार्गले पहाडी तथा हिमाली भेगका कोरी, क्होलासौँथर, ठूलो लेक, थुर्जु, दुधपोखरी, गुरुङ देउरालीदेखि मनाङको तिमाङसम्मका भूभागलाई समेटेको जिटिन गण्डकी प्रदेशका संस्थापक अध्यक्ष एवं गुरुङ सम्पदा पदमार्ग कार्यक्रमका संयोजक बोबरजङ्ग गुरुङले जानकारी दिनुभयो । पदमार्गअन्तर्गत लमजुङका प्राचीन गाउँहरूलाई समेट्दै यिनीहरूको प्रवर्द्धन गर्न खोजिएको उहाँले जानकारी दिनुभयो। सङ्घले चरणबद्ध रुपमा खोज अन्वेषण र प्रवर्द्धन गर्दै सन् २०२६ देखि यो पदमार्ग पूर्णरुपमा सञ्चालनमा ल्याउने तयारी गरेको अध्यक्ष किसम कुमारी गुरुङले जानकारी दिनुभयो । सङ्घले तेस्रो चरणको कायक्रमअन्तर्गत शुक्रबारदेखि नेपाल पर्यटन बोर्ड, क्होलासोथार गाउँपालिका, मर्स्याङदी गाउँपालिकाको आर्थिक सहयोगमा पोखराबाट लमजुङको सिङ्दी हुँदै दुधपोखरी, लमजुङ एवं मनाङको सिमाना गुरुङ देउराली, हर्सिङडाँडा लगायतका स्थानलाई पदमार्गका रुपमा समेट्ने गरी खोज तथा अन्वेषण सुरु गरेको उहाँले बताउनुभयो। उहाँका अनुसार गुरुङ सम्पदा पदमार्गका रुपमा परम्परागत भेडीगोठसँगै प्राचीन नुन बोक्ने मार्गलाई पदयात्रा पर्यटनसँग जोड्ने लक्ष्यका साथ आयोजित यस चरणको कार्यक्रममा पोखराबाट लम्जुङको सिङ्दी हुँदै पसगाउँ-भुजुङ- घनपोखरा-राप्रुजु-क्युपारा-थुर्जु-दुधपोखरी/गुरुङ देउराली-को ब्रोखर्का-सिउरुङ- हर्सिङडाँडा हुँदै पुनः पोखरासम्मको खोज अनुसन्धानात्मक पदयात्रा गरिने छ । पदमार्ग प्रवर्द्धन टोलीलाई सिङ्दीमा स्वागत गर्दै सिङ्दी सामुदायिक होमस्टेका अध्यक्ष हुकुमबहादुर गुरुङले आँफूहरूले होमस्टेलाई पदयात्रा पर्यटनसँग जोड्ने बताउनुभयो । यहाँका कूल दुई सय ३५ घरमध्ये २० वटा घरमा घरवास सञ्चालन भएको जानकारी दिँदै उहाँले २०७६ सालदेखि सुरु गरिए पनि औपचारिक दर्ता भने २०८१ मा मात्र भएको जानकारी दिनुभयो।

सिङ्दीमा दैनिक तीन सय जनासम्म पर्यटकलाई घरवासमा राख्न सकिने बताउँदै उहाँले स्थानीय उत्पादनको स्वादसँगै यहाँको प्रकृति र संस्कृतिको भरपुर उपयोग गर्न पाउने बताउनुभयो । अन्य गाउँमा जस्तो बसाइसराइको अवस्था सिङ्दीमा नरहेको बताउँदै उहाँले पदयात्रा पर्यटनलाई घरवाससँग जोड्दै धेरैभन्दा धेरै पर्यटकलाई गाउँमा भित्र्याउने योजना रहेको बताउनुभयो । सिङ्दीमा खानेपानी लगायतका सुविधा सहज रुपमा उपलब्ध भइरहेको क्होलासौँथर गाउँपालिका वडा नं ५ का वडा अध्यक्ष गीतबहादुर गुरुङले बताउनुभयो । घरवासमा आएका पर्यटकलाई उहाँहरूको इच्छाअनुसार कागुनोको भात, कोदो तथा मकैका परिकार आदि उपलब्ध गराउने गरिएको उहाँको भनाइ छ । प्राचीन कालदेखि मिलेर बसेको सुन्दर बस्तीलाई पदयात्रा पर्यटनसँग जोड्दै यसलाई आकर्षक पर्यटकीय गन्तव्यका रुपमा विकास गर्ने योजना रहेको उहाँले जानकारी दिनुभयो । गाउँस्थित गुम्बा, देवीस्थान मन्दिर आदि यहाँका धार्मिक पर्यटकीय गन्तव्य हुन् । सोरठी, घाँटु, कृष्णचरित्र जस्ता संस्कृतिहरू विद्यमान रहेको उहाँले जानकारी दिनुभयो । सिङ्दीबाट पर्यटकीयस्थल कर्पुडाँडालाई पदमार्गमार्फत जोड्ने गरी यहाँको करिब एक हजार तीन सय मिटर सिँढी निर्माण गरिएको र बाँकी बोटोलाई जोड्ने योजना रहेको उहाँले सुनाउनुभयो । पर्यटकीय नगरी पोखराबाट दैनिक सार्वजनिक यातायात सञ्चालन भैरहेको सिङदीमा आउन करिब चार घण्टा लाग्दछ । सिङ्दीबाट पोखरा जोडिने सडकलाई व्यवस्थित गर्न भने जरुरी रहेको उहाँमो भनाइ छ।


## "धम्पुस नाना होलिडे होम्स आयोजना" को संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

**प्रकाशित मिति: २०८२/०२/२५**

गण्डकी प्रदेश, कास्की जिल्लामा अवस्थित माछापुच्छ्रे गाउँपालिकाको वडा नं ७ मा धम्पुस नाना होलिडे होम्स प्रा. लि. द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नाम : **धम्पुस नाना होलिडे होम्स प्रा. लि.**<br>ठेगाना : काठमाडौं महानगरपालिका, वडा नं. २९, बागमती प्रदेश, नेपाल<br>फोन नं. : +९७७ ९८०२०००९१६<br>ई-मेल : admin@nanahotels.com.np<br>वेबसाइट : https://nanamountainresort.com/ |
| प्रस्तावको व्यहोरा | माछापुच्छ्रे गाउँपालिका वडा नं. ७, धम्पुसको पोखरी आहि डाँडा गाउँमा कुल १५ रोपनी १४ आना जग्गाको प्रयोग गरी ५० बेड सहितको धम्पुस नाना होलिडे होम्स रिसोर्टको निर्माण तथा सञ्चालन गर्न प्रस्ताव गरिएको छ। यस आयोजनाको मुख्य उद्देश्य भनेको विभिन्न स्तरका कोठा सहितको रिसोर्ट सञ्चालन मार्फत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटकहरूलाई गुणस्तरीय सेवा प्रदान गर्नु हो। यस रिसोर्टमा रेस्टुरेन्ट, बैठक हल, स्विमिङ पुल, स्पा, सौना र जाकुजी, एम्फीथिएटर र फायरप्लेस जस्ता सेवा सुविधाहरू रहने छन्। |
| प्रभाव पर्न सक्ने जिल्ला / पालिका | गण्डकी प्रदेश, कास्की जिल्ला, माछापुच्छ्रे गाउँपालिका वडा नं. ७, धम्पुसको पोखरी आहि डाँडा गाउँ |

माथि उल्लेखित प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको जैविक तथा पारिस्थितिकीय प्रणाली, प्राकृतिक तथा भौतिक प्रणाली, सामाजिक तथा आर्थिक प्रणाली, र सांस्कृतिक प्रणालीहरू बीच सकारात्मक तथा नकारात्मक प्रभाव के कस्तो पर्छ भनी यकिन गर्न सो स्थानको न.पा./गा.पा. तथा त्यहाँका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकाले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिन भित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलव्ध गराईदिनु हुन अनुरोध गरिन्छ।

**राय सुझाव पठाउने ठेगाना**

| प्रस्तावकको नाम र ठेगाना | **परामर्शदाताको नाम र ठेगाना** |
|---|---|
| **धम्पुस नाना होलिडे होम्स प्रा. लि.**<br>काठमाडौं महानगरपालिका – २९, बागमती प्रदेश<br>फोन नं: +९७७ ९८०२०००९१६<br>इमेल: admin@nanahotels.com.np | **ग्रीन डीसिजन कन्सल्टिङ प्रा. लि.**<br>**काठमाडौं महानगरपालिका – ०३, पानीपोखरी, बागमती प्रदेश**<br>**फोन नं:** +९७७ ९८५६०६७३२८<br>**इमेल:** greendecisions16@gmail.com |